**STUDY JAPAN**

६ महिना tuition fees & Hostel
गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने

Intake: October/Jan

- Free NAT/JLPT classes
- Pay after visa
- 100% Part Time Job support
- Full support in Japan
- +12 & above can apply
- Scholarship available
- Translation & Documentation
- NAT/JLPT not required
- School & Location of your Choice
- **NAT/JLPT classes are running by language expert**

*Hurry up limited seat only*

**NADESHIKO** Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware सगै)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ५ | अंक २७६ | श्रेणी 'क' | २०७१ साउन २ गते शुक्रबार | 18 July, 2014 | पृष्ठ ४ | मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
**कोरियन भाषा**

- दक्ष तथा अनुभवी प्रशिक्षक ।
- EPS-TOPIK परिक्षा सम्बन्धी निःशुल्क परामर्श ।
- सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
- FREE books with cd
- Regular class/ Mock test
- गुपमा आउनेहरुलाई विशेष छुट ।

Hurry Up!!

**PLATFORM** INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

## एमालेद्वारा ३३ बुँदे घोषणापत्र जारी

प्रकाश सिलवाल
काठमाडौं १ साउन ।

दुई सातासम्म चलेको नेकपा (एमाले) को नवौं राष्ट्रिय महाधिवेशन नयाँ नेतृत्वलाई प्रमाणपत्र वितरण, पद हस्तान्तरण र ३३ बुँदे घोषणापत्र जारी गर्दै बिहीबार सकिएको छ। पार्टी केन्द्रीय कार्यालय, मदननगरमा आयोजित समापन कार्यक्रममा निवर्तमान अध्यक्ष झलनाथ खनालले नवनिर्वाचित अध्यक्ष केपी शर्मा ओलीलाई बैठक पुस्तिका प्रदान गरी पदभार हस्तान्तरण गरे। समापन सत्रलाई सम्बोधन गर्दै अध्यक्ष ओली, निवर्तमान अध्यक्ष खनाल र नेता माधवकुमार नेपालले निर्वाचनमा जे जस्तो समूहगत प्रतिस्पर्धा भएपनि अब त्यसक्रमका तीतामीठा पक्षलाई बिर्सेर पार्टीलाई एकताबद्ध बनाउँदै मुलुकका सामु उत्पन्न चुनौतीको सामना गर्न जोड दिए। उनीहरुले नेपालमा एउटै वामपन्थी केन्द्र बनाउने र आफ्नो दललाई पहिलो शक्ति बनाउने सङ्कल्प पनि गरे। नवनिर्वाचित अध्यक्ष ओलीले पार्टीलाई सफल र देशलाई अगाडि बनाउने काममा आफू लाग्ने बताउँदै निर्वाचनको समूह बिर्सेर आफ्ना काँधका अभिभारा सम्झेर अघि बढ्न सबैमा आग्रह गरे। ओलीले निर्वाचनमा न्याय, तर्क र औचित्यताका आधामार सहमति गर्न आफूले गरेको आग्रह स्वीकार नहुँदा समूहगत प्रतिस्पर्धा भएको उल्लेख गरे। उनले एमाले लोकतान्त्रिक आन्दोलन, राजनीतिक प्रणाली तथा आर्थिक सामाजिक रुपान्तरणको अगुवा पार्टी भएकाले आगामी दिनमा पनि अरु दलको कमजोरीको लाभ उठाएर नभई आफ्नो विचार र व्यवहारबाट श्रेष्ठता हासिल गर्ने विश्वास व्यक्त गरे। ओलीले भन्नुभयो, "आपसी झगडा गरेर पहिलो पार्टी बन्दैन, हामी एकीकृत भएर अघि बढेमा मुलुमा देखिएका गरिबी, बेरोजगारी र असमानताका चट्टानहरु छेड्न सक्नेछौं।"

गए राति नयाँ बानेश्वर स्थितको एक होटलमा पार्टीकै केही युवाका नामबाट तोडफोड भएको भन्ने विषयमा नेता नेपालले ध्यानाकर्षण गराउनुभएको विषयमा जवाफ दिँदै अध्यक्ष ओलीले आफू त्यस्ता गतिविधि (गुण्डागर्दी) लाई नसहने जनाउँदै पार्टीभित्र र मुलुकभित्र गुण्डागर्दी र हिंसाको राजनीति गर्नु हुँदैन भनेर आफूले जीवनभर सङ्घर्ष गरेको स्मरण गराए। आफूलाई रुघा लागेको कारण जनाउँदै अध्यक्ष ओलीले मौखिक मन्तव्यका साथै प्रतिबद्धतासहितको विस्तृत अपिलपत्र वितरण गराएका थिए।

निवर्तमान अध्यक्ष खनालले समूहगत निर्वाचन हुनु गलत भए पनि परिणाम मिश्रित आएकाले अब विभाजित मनस्थितिका धाँजा, दाग र रेशालाई एकमना र एकताका साथ मेटाउन आवश्यक रहेको बताए। उनले महाधिवेशनले एउटै लक्ष्य, विचार र मार्गदर्शन पारित गरेकाले त्यसका आधारमा पनि पार्टी एक ढिक्का हुने विश्वास व्यक्त गरे।

नेता नेपालले विगतका तुष मेटाउन हृदयको विशालता र गतिशीलता प्रदर्शन गर्न नेतृत्वलाई आग्रह गर्दै आफू सहकार्यको हात फैलाउन तयार रहेको जनाउ दिए। उनले भने-"जित्नेले सबैलाई समेटेर लाने र हार्नेले सहयोगका हात दिने काम गर्नुपर्छ, अब एमाले गुटबन्दीको सिकार हुने छैन।" उनले समूहगत मतपत्र तयार गर्नु त्रुटि भएको अनुभव भएकाले आगामी दिनमा यस्तो निर्वाचन प्रक्रियाबारे समीक्षा गरेर अघि बढ्न आग्रह गरे। नवनिर्वाचित अध्यक्ष र पदाधिकारीलाई पार्टीको केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष सोमनाथ अधिकारी प्यासीले सपथ खुवाए। सपथग्रहणमा १० केन्द्रीय सदस्य अनुपस्थित रहेका थिए।

यसैगरी महाधिवेशनले पारित गरेका विभिन्न राजनीतिक, आर्थिक र सामाजिकसहितका ३३ बुँदे प्रस्तावलाई महासचिव ईश्वर पोखरेलले समापान समारोहमा प्रस्तुत गरे। त्यसमा एक वर्षभित्रै संविधान निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्दै संविधान निर्माणको ऐतिहासिक अभिभाराका लागि एकताबद्ध हुन आग्रह गरिएको छ। सङ्घीयताप्रतिको आफ्नो दृढ प्रतिबद्धतालाई पुनः दोहोऱ्याउँदै पार्टीले सङ्घीय ढाँचा निर्माण गर्दा नेपालको बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय विशेषतालाई आत्मसात् गर्न, पहिचान र सामर्थ्यबीचको सन्तुलनलाई अझ बढी ध्यान दिन तथा बहुपहिचान र सामाजिक सद्भावसहितको सङ्घीयता तथा राष्ट्रिय एकतालाई ध्यानमा राख्न सिङ्गो संविधानसभा र सम्बद्ध सबै राजनीतिक दलको विशेष ध्यानाकर्षण गरेको छ।

यस्तै स्थानीय निकाय निर्वाचन समयमा गर्न तथा नेकपा(माओवादीलगायत संविधानसभाबाहिर रहेका सबै दललाई संवाद र सहमतिका माध्यमबाट संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पनि आग्रह गरिएको छ। संयुक्त सरकारलाई अझ प्रभावकारी ढङ्गले सुशासन, विकास, राजनीतिक सहमति र संविधान निर्माणको कामलाई अगाडि बढाउन र सहकार्यको संस्कृतिको इमानदार कार्यान्वयन गर्न आग्रह गरिएको छ। यसैगरी महँगी नियन्त्रण, बेरोजगारीको अन्त्य, महिला हिंसाको अन्त्य तथा स्थानीय तहमा पार्टी सदस्यलाई आर्थिक उत्पादन र समृद्धिका कार्ययोजना बनाई कार्यान्वयन गर्न

बाँकी २ पृष्ठमा......

## राससको विभेदकारी निर्णयको विरोध

पोखरा १ साउन ।(गोल्डेन)

राष्ट्रिय समाचार समिति (रासस) ले काठमाडौं बाहिरबाट प्रकाशन हुने स्थानीय एवं क्षेत्रीय स्तरका पत्रपत्रिका र रेडियोहरुलाई उपलव्ध गराउने समाचार बुलेटिन बापतको शुल्क वृद्धि गर्ने निर्णय गरेकोमा विभिन्न क्षेत्रबाट असन्तुष्टि व्यक्त गरिएको छ। राससले काठमाडौं बाहिर अर्थात मोफसलका पत्रपत्रिका र रेडियोका लागिमात्र शुल्क वृद्धि गर्नु विभेदकारी निर्णय भएको आरोप पत्रपत्रिका एवं रेडियोका संचालकहरुले मात्र नभई पत्रकारिता संग सम्बन्धित विभिन्न संघसंस्थाका जिम्मेवार व्यक्तिहरुले समेत लगाएका छन्। राससले यहि २०७१ साउन १ गतेदेखि लागू हुने गरी मासिक ५०० रुपैयाँ ग्राहक शुल्क वृद्धि गरेको हो। रासस संचालक समितिको अध्यक्षमा गत असारमा नेपाल प्रेस युनियनका पूर्व अध्यक्ष कुलचन्द्र वाग्लेलाई सरकारले नियुक्त गरे लगत्तै काठमाडौं बाहिरका पत्रपत्रिका र रेडियोका लागिमात्र शुल्क वृद्धि गरेको हो। यसैबीच नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष समेत रहेका सुनौलो पव्लिकेशन प्रालिका अध्यक्ष गंगाधर पराजुलीले राससका अध्यक्ष वाग्लेसंग मोफसलका पत्रपत्रिका र रेडियोका लागिमात्र ग्राहक शुल्क वृद्धि गर्ने विभेदकारी निर्णय तत्काल सच्याउन

बाँकी अन्तिम पृष्ठमा......

**जन्मदिनको शुभकामना**

**अश्विन तिमिल्सिनालाई**

स्याङ्जा जिल्ला वाङसिङ गाविस वडा नं. ६ सरादी रिमाल स्वाँरा निवासी हाम्रा प्यारो नाति/छोरो/भान्जा **अश्विन तिमिल्सिना** आजदेखि **पाँचौं वर्ष पूरा गरी छैटौं वर्ष**मा प्रवेश गरेको सुखद् उपलक्ष्यमा जन्मदिनको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दै उनको सु-स्वास्थ्य, दीर्घायू एवं उत्तरोत्तर प्रगतिका साथै समुज्वल भविष्यको कामना गर्दछौं।



जन्ममिति : २०६६ श्रावण २ गते

हजुरबुबा : **खेमलाल उपाध्याय**
हजुरआमा : **लक्ष्मी पौडेल**
ममि : **अनिता पौडेल (तिमिल्सिना)**
मामाहरू : **अर्जुन/शंकर/ आशिष पौडेल**
दिदीहरु : **गायत्री पौडेल / सावित्री पौडेल**

एवं **सम्पूर्ण पौडेल परिवार, वाङसिङ-६, स्याङ्जा**

## नेपाल १६४औं स्थानमा

पोखरा १ साउन ।(गोल्डेन)

फुटबल खेलको सर्वोच्च निकाय अन्तराष्ट्रिय फुटवल महासङ्घ(फिफा)ले बिहबिार सार्वजनिक गरेको बरियता क्रममा विश्वकप विजेता जर्मनी दोस्रोस्थानबाट सबैभन्दा शीर्ष स्थानमा उक्लिएको छ। केही दिन अघिमात्र ब्राजिलमा सम्पन्न विश्वकप फुटबलमा अर्जेन्टिनालाई हराउँदै उपाधि हात पारेको जर्मनी कुल १७२४ अंकका साथ शीर्ष स्थानमा पुगेको फिफाको वेभसाईटमा जनाईएको छ।

त्यसैगरी विश्वकप उपविजेता

बाँकी ३ पृष्ठमा......

**BTI अब लेखनाथमा**

**नयाँ स्थान शुभारम्भको अवसरमा बैकिङ्ग तालिम**

कक्षा संचालन श्रावण ११ गते

**मात्र रू.4,444।-**

समयः बिहान वा बेलुकी

(पाँचजना भन्दा बढीको समूहमा आउनेलाई विशेष छुट)

**Banking Training Institute (BTI)**
Adarshachowk, Lekhnath
061-207111, 97460-03880

हामीलाई +2, BBS तथा School Level को tution classes का लागि पनि सम्झन सक्नुहुनेछ ।

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**



पोखराको केन्द्र महेन्द्रपुल नयाँबजारमा अवस्थित यस महेन्द्र उच्च मा.वि. तथा पोखरा बहुमुखी क्याम्पसमा कक्षा ११ तर्फ, **शिक्षा, मानवीकी र व्यवस्थापन** तर्फ अंग्रेजी र नेपाली दुवै माध्यममा भर्ना खुलेको व्यहोरा जानकारी गराउँदछौं।

SLC Merit Based Scholarship 2071 on MHSS

| SLC% | Students From Government School | Students From Private School |
|---|---|---|
| Above 85% | Free Admission+100% Tuition Fee Free | Free Admission +50 Tuition Fee Free |
| 75% to 80% | 50% Tuition Fee Free | 50% Tuition Fee Free |
| 70% to 75% | 25% Tuition Fee Free | 25% Tuition Fee Free |
| 65% to 70% | 25% Tuition Fee Free | |

**फाराम वितरणः** २०७१/०३/०१ गतेदेखि **कक्षा सञ्चालन :** २०७१/०४/०१ गतेदेखि

**भर्ना प्रयोजनाका लागि :**
बिदाको दिनमा समेत बिहान ६ बजेदेखि ४ बजेसम्म अफिस खुल्ला रहने छ।

**श्री महेन्द्र उच्च मा.वि. तथा पोखरा बहुमुखी क्याम्पस**
नयाँबजार, पोखरा-९
फोन नं. ०६१-५२१११३, ५२१११४, ५२८१००

**शहीद गंगालाल हृदयरोग केन्द्र बाँसबारी काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ पोखरामा**

के तपाई लामो समयदेखि सुगर प्रेसरकै समस्याबाट पीडित हुनुहुन्छ ? कतै तपाईलाई मुटुको समस्या त भएको छैन ? मुटुरोग लागे औषधि नियमित खाइराख्नु भएको भए औषधिको मात्रा त मिलेको छ वा छैन ढुक्क रहन र प्रेसरको औषधि खाएर पनि प्रेसर कन्ट्रोल भएको छैन र जुन मुटु प्रेसर र सुगर रोग लाग्यो त्यही रोगसम्बन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रहन वरिष्ठ विशेषज्ञ **डा. श्यामराज रेग्मी** पोखरा आउँदै हुनुहुन्छ। स्वास्थ्य लाभ लिनुहोला।

बिरामी जाँच : २०७१ साउन ३ गते शनिबार

सम्पर्क :
**परिचित मेडिकल हल**
पालिखेचोक, पोखरा, फोन : ९८४६०४१४९४

**जिरो प्वाइन्ट ट्राभल्स एण्ड टुर्स प्रा.लि.**
**Zero Point Travels & Tour (P.) Ltd.**

Specially International Tickting & Domestice Ticket

अन्य सेवाहरू :
- Internation & Domestice Hotel Booking
- Helicopter Charter
- Touriest Bus Ticket and other Travels.

Mr. Chetan Karki
**Zero Point Travels & Tours (P.) Ltd.**
Nagdhunga, Pokhara-9, Nepal
Phone : +977-61-526004, 9856031455, 9846065544
Fax : +977-61-526004
Email : zeropointtravels@yahoo.com
Travelzeropoint@gmail.com
Website : www.zeropointravel.com.np

**Study, Work & Live in NEW ZEALAND**

Intake June / Jully 2014

Why Study in New Zealand
- New Visa Policies
- High Visa Success Rate
- High Chances for PR
- IELTS: Not Required*
- Pay Tuition Fees after AIP
- Post Study Work Permit
- Part Time Job Allowed (20 Hrs/Week & FT in Holidays)

Min Req: +2/'A'Level/ GED or eqvl. IELTS: Optional Levels: 5,6,7

Why Royal Int'l Edu. Network ?
- Experienced Team
- One on One Counseling
- NZQA's Colleges
- Part Time Job Search Assistance
- Airport Pick Up Facilities
- Accommodation Arrangements
& many more...

ROYAL INTERNATIONAL EDUCATION NETWORK PVT. LTD.
Pokhara office: 2nd Floor, Batas Malla Complex, Chipledhunga, 061 551041
E: info@royalien.com
W: www.royalien.com
Corporate Office: House # 136, Kushal Marga, Sukedhara, Kathmandu. T: 01 4015055

Available Courses
Business, Accounting, Culinary Arts, IT, Computing, Nursing, Pilot Training, Travel & Tourism, Cooking Training Hotel Management & many more...

**Accounting & Banking Training**
MATCOSC नै किन ?

यस क्षेत्रमा नै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरुबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा ग्यारेन्टीका साथ Job गर्नका लागि ।

**Manual Accounting:**
- Business Accounting (Hotel, Bank, NGO, School, Company)
- VAT, Income Tax, Banking

*Free Admission, Certificate & Training Meterial*

**Computrized Accounting:**
- Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO

*Mega Offer for +2, BBA/BBS Student*

Contact :
MATCOSC
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533

■ परिश्रम गर्न र प्रतिक्षा गर्न सिक ।
- लङरगफेलो

# साहित्य/सिर्जना



## मुक्तकहरू



तारप्रसाद श्रेष्ठ

खोला तरेर लौरो बिर्सने आनीबानी
भएका औसरवादीलाई छानीछानी
आउँदैछन् हेर परिवर्तनकारिहरु
तल लाउनलाई लौरोले हानी हानी॥

बन्दैछौं धुरीबाट खसेको फर्सी सरी
तिम्रा कर्तुत छताछुल्ल आँगन भरी
हुने छ हिसाब किताब बिया गर्ने भैँ
आफैँ बासेर आफैँ तर्सने तित्रा सरी॥

नेतालाई गबुवा समानुपातिक सिट भयो
उठाउने वेलाको पराले गुन्द्रीको विट भयो
गणतन्त्रका नेता मुखिया, जिम्वाल हुन थाले
मनेलाई सिलाएको कोट धनेलाई फिट भयो॥

भैंसी गयो आहाल बस्न गाई गयो भीर
ग्वाला गयो होटल तिर नमानेर पीर
गोठालोको हातबाट बेचिएछ पाँडो
माझ्दा माझ्दै चुहुने भो खिर पाक्ने भाँडो॥


## खुशीको खबर ! खुशीको खबर !!

के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्ने ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
सेवा दिने स्थानहरू : पोखरा भ्याली, लेखनाथ र तनहुँ

**Mycomputersathi.com**

❖website Design & Development
❖Online Radio streaming Service

Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
**Email :** mycomputersath, **Skype :** mycomputersathi
**Website :** www.mycomputersathi.com


## आजको पञ्चाङ्ग

आज मिति २०७१ साल श्रावण २ गते शुक्रबार, तदनुसार जुलाई १८ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । ग्रीष्म ऋतु चल्दै छ । चान्द्रमान अनुसार श्रावणकृष्णपक्ष चलिरहेको छ। शौरमान अनुसार आज श्रावणकृष्णपक्षको सप्तमी तिथि ५० घटि २६ पला अर्थात राति १ बजेर ३० मिनेटसम्म त्यसउप्रान्त अष्टमी तिथि लाग्नेछ। आज सूर्य कर्कट राशिमा रहेको छ भने चन्द्रमा मीन राशिमा अहोरात्र रहनेछ। आज दिनमान ३४ घटि ६ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर २० मिनेटमा विभिषण मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर ५९ मिनेटमा हुनेछ ।

## आजको राशिफल

**मेष :** स्वास्थ्यमा एक्कासि खरावी आउने छ, खानपानमा ध्यान पुऱ्याउनुहोला, शोक पर्ने समाचार प्राप्त हुनेछ ।
**वृष :** शत्रुमाथि विजयले घरमा नया चहल पहल हुने, शैक्षिक प्रगति, आफन्तको सहयोगले अधुरो कार्य पूरा हुने छ ।
**मिथुन :** स्वास्थ्यमा क्रमिक सुधार हुने, कार्य अधुरा रहनेछन, आफन्तले कुरा काट्ने, व्यापारमा मन्दी आउनेछ ।
**कर्कट :** मानसिक पीडा थपिने, आँखामा खरावी आउने, अपजस पाइने, समग्रमा दिन खराब रहेकोछ सजक हुनुहोला ।
**सिंह :** आफन्तसंग कलह हुन सक्छ, मन चञ्चल हुनाले, वायूरोगले सताउनेछ सतर्क रहि कार्य सम्पन्न गर्नुहोला ।
**कन्या :** यशकीर्ति बढ्ने शत्रुमाथि विजयी हुनाले घरमा नयाँ चहलपहल हुने, अधुरा कार्य पूरा समय मध्यम रहनेछ ।
**तुला :** धन तथा जमिन लाभ पाइने, सरकारी सम्मान मिल्ने, आफन्तसंग भेटघाट हुनेछ, दिन रमाइलो हुनेछ ।
**वृश्चिक :** आफन्तबाट विरोध हुने, पेशा प्रति असन्तुष्टि हुदै जानेछ, आम्दानीमा कमी हुने, खर्चमा बृद्धि हुनेछ ।
**धनु :** सरकारी काम नबन्ने, यात्रामा विभिन्न बाधा आईपर्नेछ, इज्जतमा आँच आउने, कुनै न कुनै रोगले सताउने छ ।
**मकर :** आदरसत्कार पाइने, व्यापारबाट लाभ हुन सक्ने, टाढाको यात्रा सफल रहने, दिन अत्यन्तै शुभ रहने छ ।
**कुम्भ :** खाना नपच्ने, चोटपटकको भय, नकारात्मक सोचाई, धनमाल हराउन सक्नेछ होसियारी अपनाउनु होला ।
**मीन :** आरोग्यता, प्रशन्नता, सवै कामबाट लाभ, आर्थिक पक्ष सवल रहनेछ, धार्मिक कार्यमा मन जाने छ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

# हिरामणि बन्ने अभियानमा दामको पूजा

असफल गौतम

बद्री ढकाल (२०३५), स्याङ्जाको फापरथुममा माता निधुप्रसाद र खिमादेवी ढकालको कोखबाट जन्मेका स्रष्टा हुन् । एक श्रीमतीसहित दुई छोराछोरीका अभिभावक बनेका ढकाल आफूलाई हिरामणिको नामबाट चिनाउन चाहन्छन् । फापरथुमबाट पोखरा हुँदै कोहलपुरसम्म पुगेका ढकाल जिन्दगीको यात्रालाई चक डस्टरको धुलोसँग साटेर सोही स्थानमा रहेर दैनिकीको गुजारा चलाउँदै आएका छन् । विज्ञानका विद्यार्थी ढकाल विज्ञान स्तम्भ लेख्छन्, केही साहित्यिक पत्रपत्रिका र सङ्घसंस्थामा आवद्ध रहेर नेपाली वाङ्मयको उत्थानमा क्रियाशील रहन्छन् । यसकै सिलसिलामा उनी हाइकु विधालाई रोजेर आफ्नो पहिलो कृति 'दामको पूजा' (२०७०, कात्तिक) लिएर साहित्यिक दौडमा सहभागी भएका छन् । यहाँ उनको त्यही हाइकुसङ्ग्रहका बारेमा थोरबहुत टिप्पणी, सुझाव, सल्लाह र गुनासो व्यक्त गर्ने जर्मको गरिएको छ ।

विक्रम शिशिर राम्रा कलाकारिता भएका व्यक्ति हुन् । उनलाई कला र कुचीको सहायताले मात्र चिनाउन खोजियो भने अन्याय हुनेमा दुई मत राख्नैपर्दैन । किनभने शिशिर साहित्यकार पनि हुन् । राम्रा र स्तरिय रचनाधर्मिताले उनलाई हिरामणिको कृतिको आवरण तयार गर्ने दर्जा निधारण गरिसकेको छ । उनै शिशिरको सुन्दर आवरणमा सजिएको दामको पूजाको रूप उत्कृष्ट छ । हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान कोहलपुर बाँकेले प्रकाशनको चाजोपाजो मिलाएको ढकालको प्रस्तुत कृति जम्मा ८८ पृष्ठमा फैलिएको छ । व्यक्तिगत ७५ र संस्थागत एक सय रुपैयाँ गरी दुई थरी मूल्य निर्धारण गरिएको छ । कृतिमा प्रेमप्रकाश मल्ल मधुकर, डा. निर्मलमणि अधिकारी, डा. निरञ्जन आचार्य र सृजन लम्सालका भूमिका, मन्तव्य र शुभकामनाले उनको साहित्यिक यात्राको सफलताको कामना गरेका छन् । हिरामणिको हाइकुसङ्ग्रहमा दुई सय १६ वटा पाँच, सात र पाँचको लेख्य संरचनामा रहेका हाइकु रहेका छन् । यस्तै गरी पछिल्लो समय नयाँ प्रयोगका नाममा भएका प्रयोगका पछिपछि लागेर लेखिएका दुई पाँच र दुई लेख्य अक्षर संरचनाका १२ वटा हाइकु पनि कृतिमा समावेश गरिएका छन् । दुवै संरचनाका गरी कृतिमा जम्मा दुई सय २८ वटा हाइकु सङ्गृहीत छन् ।

ढकाल नेपाली भाषा साहित्यका विद्यार्थी होइनन् तापनि हाइकु लेखनको सन्दर्भमा विज्ञानको प्रयोग गर्दैनन् । आफ्नै गाउँबेसीका सन्दर्भ र प्रसङ्गलाई संरचना मिलाएर हाइकु लेख्छन् । कुनै वेला उनलाई छिमलहरूले गरेको व्यवहार देखेर हाइकु फुर्छ, कुनै वेला उन्नति र प्रगति देखेर । उनको हाइकु लेखनलाई उन्नति र प्रगतिले मात्र अगाडि बढाएको छैन । देशमाको अराजकता, अन्यौलता, घुसखोरी, भ्रष्टाचार र विश्वासघात जस्ता सन्दर्भले पनि लेखन यात्रालाई अगाडि बढाउन प्रोत्साहन गरेको छ । व्याकरणिक त्रुटि नहेरिकन भन्ने हो भने उनका हाइकुका विषयवस्तु समय सान्दर्भिक र उत्कृष्ट छन् । जस्तो : सुपारी निम्तो/देखावटि सम्मान/बाण वचन । (पृ.४) प्रस्तुत हाइकुले भन्न खोजेको कुरालाई यहाँ व्याख्या गर्नु पर्दैन । यसबाट प्रष्ट हुन्छ ढकाल कस्ता हाइकु लेख्छन् भन्ने कुरा । जनजीवनको जिब्रोमा भिजेको भाषाको प्रयोग र सरल वाक्य गठन उनको सवल पक्ष हो । सम्मानका खातिर निम्तोका लागि सुपारी दिन आएको छ, तर वचनले नआइदिए हुने थियो भन्ने भाव व्यक्त गरेको हुनुपर्छ, यसै भन्छ उनको प्रस्तुत हाइकुले । उनी आफ्ना दामलीका कुरा र व्यवहार देखेर मात्र हाइकु लेख्दैनन् । आफ्ना समकालीन मित्रहरूले गरेको उन्नती र प्रगतिले पनि अगाडि बढ्नका लागि प्रेरणा दिएको अनुमान गर्न सकिन्छ ।

ढकाल अग्रजलाई सम्मान र अनुजलाई माया गर्ने स्रष्टामध्येका एक हुन् त्यसैले भन्छन् : सलाम गरू/झमक पुष्पालाई/हातै भएन । (पृ.६) पुष्पा र झमक नेपाली वाङ्मयका उज्ज्वल नक्षत्र हुन् । नेपाली साहित्यकारका लागि निकै महत्वका साथ हेरिने मदन पुरस्कार पारिजातपछि वर्तमानमा आफ्नो पोल्टामा पार्ने झमक घिमिरेलाई सम्झन्छन् र पुष्पालाई उनी शब्दका माध्यमबाट नै सम्मान गर्दछन् । वर्तमान समयमा एउटा सर्जकले अर्को सर्जकको नाम लिए आफू सानो हुन्छु भन्ने सोच्छन् त्यसैले साहित्यिक यात्रामा वर्षौंदेखि साधनारत स्रष्टाका बारेमा थाहा नपाएको नाटक गर्दछन् तर ढकालले त्यस्ता संस्कारको संरक्षण गर्ने छैनन् यो पङ्क्तिकारको ठम्याई मात्र हो । एउटा स्रष्टाका लागि त्यो भन्दा ठूलो सम्मान के हुन सक्छन् ? ढकाल छिमलको व्यवहार र साहित्य साधकको सम्मानका खातिर मात्र हाइकु लेख्दैनन् । वर्तमान समयमा देखिएको अराजकताको सन्दर्भलाई लिएर हाइकुका माध्यमबाट आफ्नो आवाज बुलन्द पार्दछन् । मात्र एक दशकको कुरा गर्ने हो भने, देशमा सशस्त्र द्वन्द्व भयो । जनआन्दोलन भयो । लोकतन्त्र आयो । संविधान सभाको चुनाव दुई पटक भयो । अनुहार फेरियो । कुर्ची फेरियो । माथिल्लो निकायमा हुनेहरूका सबै कुरा फेरिए । यो मात्र होइन अब त नेपाल सरकारकै कर्मचारी पनि प्रधानमन्त्री हुन थाल्यो यो कस्तो विडम्बना भन्दै यसरी लेख्छन्: पुरै निकाय/भो कि त कर्मचारी/प्रधानमन्त्री (पृ.९) देशको चिन्तामा डुब्दाडुब्दै उनी घर व्यवहार बिग्रेर भताभुङ्ग भएका परिवारको विचल्ली देख्दा चिन्तित हुन्छन् । भनिन्छ भगवानले पनि जान्न नसकेको नारी चरित्र भनेर, त्यस्तै जस्तो ढकाललाई पनि भएको छ । अधिकांश परिवारमा देखिएको समस्यालाई उनले सार्वजनीकिकरण गरेका छन् यसरी : बूढी सोझी छ/मसँग लजाउँछे/रेष्टुराँ जान्छे (पृ.१०) माया प्रेमका कुरा त परका भए । आफ्नो श्रीमानसँग दुःख सुखका कुरा गर्न लजाउँछे तापनि बारबार रेष्टुराँ जान्छे । के का लागि परिवारलाई चिन्ता भएको छ । कतिपय त्यस्तै नियत राखेर हिड्ने होलान तर सबैलाई एउटै तुलोमा राखेर जोख्नु मुर्खता हुनसक्छ । पछिल्लो समय मान्छेहरू मोजमस्तीमा बाँच्न मन पराउन थालेका छन् । उनीहरू बिना मेहेनत सफलता चाहन्छन् । ती अधिकांश प्रतिनिधि पात्रको सन्दर्भलाई केवल एउटै हाइकुले काम गरेको छ, त्यसैले त हाइकु सियोको टुप्पो जस्तो हुनुपर्छ भन्ने मान्यता राख्छ पङ्क्तिकारले । हेरौं वर्तमानका छोराहरूको चाला ढकालका हाइकुमाः शोक न सुर्ता/जिउनुको क्या मज्जा/बाबुको विर्ता (पृ.१६) बाबुको विर्ता पाएपछि के को चिन्ता ? ढकालका कृति भित्रका हाइकुहरू अधिकांश चोटिला र स्वादिला छन् । केही नमुनाका लागि यहाँ प्रस्तुत गर्नैपर्ने हुन्छ :

सामग्री सजा/मान्छे बाजा र भोज/दामको पूजा (पृ.२३), नेताको त्याग/गरीबकाँ गई भुजा/दामको पूजा (पृ.२४), सोतव्यत्तिका/स्कूलमा मनपर्दी/जि.शि.का. मौन (पृ.४८), निर्जीव ढुङ्गो /प्राण प्रतिष्ठापछि/देउता बन्छ (पृ. ५६), तिमी नभए/म रातै भरि रून्थे/मेरी पूर्णिमा (पृ.६०), बहु विबाह/कानूनले दिदैन/मन्त्री नै जन्ती (पृ. ६३), दशै तिहार/बालबच्चा सिहार/ऋण हजार (पृ. ७१) ।

पङ्क्तिकारले हाइकु विधाको दशक लामो अनुसन्धानको सन्दर्भमा ढकाललाई तीन पटक फोन गरेको थियो । उनको हाइकु लेखनको क्रियाशीलता र हाइकुको अध्ययनका लागि । उनी उक्त समय आफ्नै हाइकु कृति प्रकाशनको चाजोपाँजोमा रहेछन्, त्यसैले त्यती रूचिकर सम्बन्ध स्थापित हुन सकेन । आज कृति नै अध्ययन गर्न पाउँदा खुसी नलाग्ने कुरै भएन । ढकालले पहिलो पाइलो नै हाइकुमा पारेर लामो सफरमा निस्केका छन् । यो स्तुत्य कुरा हो हाइकुप्रेमीका लागि । उनको हाइकुप्रतिको मोहलाई सम्मान गर्नुपर्छ । सम्मान र सलामका नाममा उनका कृतिमा देखिएका कमजोरीका बारेमा केही बोलिएन भने उनको यो अनन्त यात्राले दुःख पाउने छ ।

यो कुनै आग्रह पुर्वाग्रह लिएर लेखिएको समीक्षा होइन । उनको सम्मानकाखा तिर सुझाव र मार्गनिर्देशन गरिएको मात्र हो । यहाँ उल्लेख गरिएका सन्दर्भमा उनी सचेत हुनु आवश्यक छ । यसर्थ प्रस्तुत समीक्षाले ढकाललाई सही मार्गनिर्देशन गर्ने छ भन्ने ठम्याइ मात्रै हो । ढकालको कृतिको मुहार चित्रले जति कृतिको रूपमा उत्कृष्टता प्रदान गरेको छ भूमिकाले त्यती उचाइमा ढकाललाई पुऱ्याउन सकेको देखिदैन । सृजन लम्साल नाम सुनेका, देख भेट नभएका पात्र हुन् । उनले स्वीकार गरेका छन् हाइकुको भूमिका लेखनको सन्दर्भलाई यसर्थ लम्साललाई दोष दिनु व्यर्थ रहनेछ । स्रष्टा ढकालकै पनि केही कमजोर पक्षहरू रहेका छन् । उनी आफूले हाइकु सङ्गृहीत गरेको डायरीलाई राम्ररी नोट गरेर कम्प्युटर गरी पाण्डुलिपी तयार गर्न दिएनन् । भूमिकाकार लम्सालले पनि उनका हाइकु पूरापूर अध्ययन गरेनन् । स्रष्टा र भूमिकाकार मात्र होइन भाषा सम्पादन गरेका गोविन्दप्रसाद ढकाल पनि अछुता रहेनन्, यसमा दुई मत राख्नै पर्दैन । जसलाई कृति अध्ययनका क्रममा आफैँ पत्ता लगाउन सकिन्छ । किनभने कृति भित्रका १७८ र १९४ औं, १८० र १९५ औं, १६६ र १९८ औं, ५९ र २०३ औं, १७२ र १९२ औं नम्बरलगायतका केही हाइकु दोहोरिएका छन् । यसलाई कसरी लिने भन्ने कुरा आम पाठकको हो । नेपाली भाषा व्याकरणको सन्दर्भमा पङ्क्तिकारले केही पहिला वासुदेव अधिकारीको 'गायब सभामुख' कविता कृतिको समीक्षा लेख्ने सन्दर्भमा भनेको थियो : 'नेपाली व्याकरणका बारेमा केही बोल्नै हुँदैन वर्तमानमा । यहाँ विभिन्न 'वादी' व्याकरण बनेका छन् । व्याकरणिक त्रुटिको सन्दर्भलाई उठाउने हो भने २०७० साल पुसको २८ गते जिल्ला प्रकाशन कार्यालय मोरङले आयोजना गरेको पत्रकार सम्मेलनमा अख्तियार प्रमुख लोकमानसिंह कार्कीलाई पत्रकारले अवैध रूपमा सुपारी भारत निकासी भएको सन्दर्भमा प्रश्न सोध्ने क्रममा जेल पठाए जस्तो हुन सक्छ ।' यस्तै जस्तो ढकालका कृतिमा केही व्याकरणिक त्रुटि रहेका छन् । जनजीवनमा चलनचल्तीमा रहेका सन्दर्भमा पनि त्रुटि देखिन्छ जस्तैः मौ सम्बन्धी एउटा शब्द हुनुपर्ने परम्परा बसाले । छेत्रप्रताप, अभिव्यण्जना, जसतो (भूमिका पृष्ठ २) यस्तै 'हाइकु जस्तो गुढ एवं गहन साहित्य विधाप्रति आकर्षित भएका उत्साहपूर्वक काव्य सिर्जनामा लाग्नुलाई सुखद भविष्यको रूपमा लिनुपर्ने ठान्दछु म ।' (भूमिका पृष्ठ चार) यहाँ वाक्य गठनमा पनि व्याकरणिक त्रुटि देखिन्छ । यसैगरी कृतिमा प्रयोग भएका आफै (पृ.१५), विद्यान (पृ.२७), औषधी (पृ.३३), विकाश (पृ.४७), बाँकि (पृ.४९), शिसा (पृ.५२), बेला (पृ.६८) निम्न शब्दमा व्याकरणिक त्रुटि देखिन्छ । यस्तै गरी ढकालले हाइकु लेखनको सन्दर्भमा उच्चार्य भन्दा पनि लेख्य संरचनालाई बढी ध्यान दिएका छन् । सोही संरचनामा बाधिएर हाइकु प्रस्तुत गरेका छन् । उनी आफैँले अङ्गालेको संरचना पक्षमा पनि कतै चिप्लिएका छन् । जस्तैः कस्तो होला/खै मेरो अन्धो जीवन/आत्मा विनाको (पृ.२७), कपाल सेतै/विचाराका विचारा/मनै कालो (पृ.२९), बैङकको गार्ड/गोरू नभएको हली/पिंधको चम्चा (पृ.३०) लगायतका केही हाइकु रहेका छन् । यसैगरी उनले लेख्य पाँच, सात र पाँच अक्षरको संरचनामा बाध्नैका लागि नयाँ प्रयोग गरेर जर्बजस्ती संरचनामा छिराएका छन् । जस्तै घर्मा कलह/जिन्दगीभर पूजा/गुरूका गुरू (पृ.२) । टाठो कुकुर/भुक्छ टोक्छ बेसरी/म घर्कालाई (पृ.३)। यहाँ लेख्य पाँच अक्षरको संरचनामा बाध्नका लागि घरमालाई (घर्मा) बनाइएको छ भने घरकालाई (घर्का) बनाइएको छ । यस्तै हाइकु लेखनको सन्दर्भमा विषयगत विविधतालाई आत्मसाथ गर्नुपर्ने देखिन्छ । उनले एउटै विषयमा छुट्टाछुट्टै हाइकु लेखे पनि भावपक्ष एकै रहने हुँदा त्यसमा पाठकलाई रूचिपूर्ण नलाग्न सक्छ । जस्तै दुईटी बुढी/चौकी र अदालत/मेरो हालत (पृ.१२), श्रीमती दुई/सन्तानलाई बुई/आगो फुइफुई (पृ.१४), फुली एउटा/श्रीमती दुईवटा/मजाऊँ कता (पृ.३८) प्रस्तुत तीन हाइकुको सन्दर्भ भनेको दुई घरबारको नै हो । उनले फरक( फरक धारमा प्रस्तुत गर्ने जमर्को गरेतापनि साहित्य सिर्जना पाठकका लागि गरिने भएको हुँदा त्यसमा पनि ध्यान दिनुपर्ने देखिन्छ ।

प्रस्तुत कृतिमा माथि उल्लेख गरिएका समस्या देखिनुको एउटै कारण कृतिको सम्पादन नहुनु हो, यसर्थ उनले आगामी दिनमा यदी हाइकुकै कृति प्रकाशन गर्न चाहे भने हाइकु लेखनमा क्रियाशील स्रष्टा साधकसँग परामर्श, सल्लाह लिएर सम्पादन गर्न लगाएको खण्डमा उनको लेखनले छोटो समयमा सफलताको मार्ग समात्ने छ । अन्तमा के भन्न सकिन्छ भने बद्री ढकाल हिरामणि बन्छन् या बन्दैनन् त्यो समयको कुरा हो । उनीमा त्यो सोख छ । भनिन्छ जन्मेपछि उद्देश्य लिनुपर्छ भनेर । सोहीअनुरूप उनले यो धृष्टता गरेका हुन् ।

समय र जिन्दगी सोचेजस्तो गरी कसैको पनि चल्दैन यो सबैलाई थाहा भएको कुरा हो । चलाउनेको हातको कुरा उसले कति सहजता अनुभूती गर्छ भन्ने मात्र हो । जिन्दगीमा डाक्टर बनाउने सपना देखेका अभिभावकको सन्तान डाइभर बनेका छन् । महान कवि कलाकार बनाउने सपना देखेका सन्तान मजदुर बन्न पनि सक्छन् तर हिरामणि, हिरामणि नै बन्नेछन् । यो उनको महान अभियान हो । जिन्दगीको ३९ औं वसन्तमा हिडिरहेका ढकालको यात्रा लामो छ । त्यो थाहा पाउँदापाउँदै उनले पाइला चालेका छन् हाइकु विधामा त्यसमा सलाम व्यक्त गर्नैपर्छ । आगामी दिनमा उनको हाइकु लेखनले थप शिखर चढ्दै जाओस् र उनका अन्य हाइकुको रसास्वादन गर्न पाइयोस् कामना छ ।

## एमालेद्वारा...

*एमालेले निर्देश गरेको छ । यस्तै एमाले निर्वाचन आयोगले सबै पदको मत परिणाम सार्वजनिक गरे पनि दुई केन्द्रीय सदस्य विजयी घोषणा हुन बाँकी छ । बराबर मत आएपछि गोला प्रथाबाट ती सदस्य विजयी गराउन आज बल्खुमा आमन्त्रण गरिए पनि उम्मेदवार अनुपस्थित रहेपछि सो कार्य पूरा हुन सकेन । खुलातर्फबाट केन्द्रीय सदस्यका उम्मेदवार नागेन्द्र चौधरी र खिमलाल भट्टराईको बराबर मत (९८६) र मुसलमानतर्फ केन्द्रीय सदस्य उम्मेदवार मोहमद महफुज अन्सारी र सिराज अहमद फारुकीको ९६४ मत प्राप्त भएको छ । आयोगका अध्यक्ष प्यासीले उनीहरुलाई बोलाएर गोला प्रथा गरी परिणाम निकाल्ने बताए । यता, वर्षा यामका कारण खुल्ला स्थानमा उद्घाटन समारोह गर्न नसकेको एमाले महाधिवेशनको समापन सत्र पनि पार्टी कार्यालयको साँघुरो प्रागङ्णमा गर्दा भिड व्यवस्थापन गर्न कठिनाइ भएको थियो । कार्यक्रममा सचिव प्रदीप ज्ञवालीले बल्खुको पार्टी कार्यालय अब आफूहरुका लागि साँघुरो हुन थालेकाले नयाँ र फराकिलो स्थानमा सार्ने विषयमा छलफल भइरहेको जानकारी गराए । नवनिर्वाचित केन्द्रीय कमिटीको पहिलो बैठक शुक्रबार अपराह्न १ बजे पार्टी कार्यालयमा बस्नेछ ।*


## खानेपानी चाहिएमा

मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँखोलाचोक, आर्वा-१,
फोन : ०६१-५३९०६०
९८५६०३७६६६

## चाया, पोतो र डण्डिफोर Bye Bye

चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने
यहाँ Orginal Korean Cosmetic Product पाइन्छ ।
साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
Skin Test गरिन्छ ।
म्याघ्ट्रिक उपचार
जाड, कम्मर, हात खुट्टाका जोर्नीहरुको दुखाइ कम गर्ने
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्युटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६१५४१८८, ०६१-५२४९५४
(मल्ल इम्पोरियमको अगाडि ट्रा काम्प्लेक्स भन्दा दुई घर तल)

## नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा

के तपाईंसंग पुराना कम्प्युटरहरू छन् ?
पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।
नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।
**Online Computer Institute**
न्यूरोड ९, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

## "रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

# अनुपम सांगीतिक साँझबाट करिब दुईलाख बचत

गोल्डेन न्यूज संवाददाता
पोखरा १ साउन ।

पोखराको अनुपम म्युजिक आयोजनामा गत जेठ ३ गते पोखरामा सम्पन्न अनुपम साङ्गीतिक साँझ तथा स्रष्टा सम्मान कार्यक्रमको आय–व्यय बिहीबार सार्वजनिक गरिएको छ । आय–व्यय सार्वजनिक गर्दै कार्यक्रम संयोजक अनुराग अधिकारीले कुल १ लाख ८८ हजार १ सय रुपैयाँ आम्दानी भएकोमा १ लाख १८ हजार रुपैयाँ खर्च भएको जानकारी दिए ।


तस्वीर : गोल्डेन न्यूज दैनिक

बचत रहेको ७० हजार १ सय रुपैयाँमध्ये रेन्बो चिल्ड्रेन होमका बालबालिकाको सहयोगका लागि प्रबन्ध निर्देशक गोमा ढकाललाई ५० प्रतिशत हुन आउने रकम रु. ३५ हजार ५० रुपैयाँको चेक कार्यक्रमका प्रमुख अतिथि स्वतन्त्र पत्रकार सङ्घ, नेपालका अध्यक्ष कृष्णप्रसाद बाँस्तोला र विशेष अतिथि समाजसेवी वीरेन्द्र पालिखेले संयुक्त रुपमा हस्तान्तरण गरेका थिए । बाँकी ५० प्रतिशत रकम अनुपम साङ्गीतिक अक्षयकोषका लागि छुट्याइएको संयोजक अधिकारीले जानकारी दिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि बाँस्तोलाले अनुपम साङ्गीतिक साँझले समग्र नेपाली सङ्गीतका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको बताए । अझ रेन्बो चिल्ड्रेन होमका बालबालिका हरुका लागि कार्यक्रमबाट सहयोग गर्नु राष्ट्र निर्माणमा समेत योगदान पुऱ्याउनु भएको भन्दै बाँस्तोलाले बाल बालिकाका लागि यस्तै सहयोग आगामी दिनमा पनि निरन्तरता दिन आग्रह गरे । गरेर अनुपमले सामाजिक दायित्व पूरा गरेको बताए । समाजसेवी वीरेन्द्र पालिखेले रेन्बो चिल्ड्रेन होमलाई आफूले पुनः सहयोग गर्ने प्रतिबद्धता जनाएको कार्यक्रममा बाल गृह सञ्जालका महासचिव विजयकुमार प्रधानले कास्कीमा सञ्चालित ६० वटा बाल गृहमा १ हजार ५ सय बालबालिका आश्रित रहेको जनाउँदै अनुपमले जस्तै अन्य सङ्घ/ संस्थाले थोरै मात्र सहयोग गर्ने हो भने पनि विदेशीको भर पर्नु नपर्ने बताए ।

कार्यक्रममा गैर सरकारी संस्था महासंघ, कास्कीका अध्यक्ष गोपाल खड्का, चलचित्र निर्देशक मनोज पण्डित, नेपाल पर्यटन बोर्डका पूर्व सदस्य अग्निप्रसाद कँडेल, गजल यात्रा नेपालका अध्यक्ष दुर्गाबहादुर शाह 'बाबा', रेन्बो चिल्ड्रेन होमकी प्रबन्ध निर्देशक गोमा ढकाल, होमकै बालक दीपक बि.क. लगायतले बोलेका थिए । आयोजक मूल समितिका सचिव रुपिन्द्र प्रभावीद्वारा सञ्चालित कार्यक्रममा अनुपम साङ्गीतिक साँझ सम्पन्न गर्नका लागि योगदान गर्ने व्यक्ति र संस्थाहरुलाई मायाको चिनो प्रदान गरिएको थियो ।

# बिग आइकनबाट उत्कृष्ट बीसजना छनौट

गोल्डेन न्यूज संवाददाता
पोखरा १ साउन ।

विग आईकनमा छैटौं चरणको अडिसनबाट उत्कृष्ट २० जना गायन प्रतिभा छनौट भएका छन् । बिहीवार सम्पन्न अडिसनमा पाचौं चरणको अडिसनबाट छानिएका २५ प्रतिस्पर्धीहरुमध्ये मिलन तामाङ्ग, अर्जुन कुँवर, सौगात गुरुङ्ग, प्रज्वल भित्रीकोटी र किसान उचाई ठकुरी गरी ५ जना बाहिरिएका हुन् ।

पहिलो राउण्डको अडिसनमा सहभागि ८ सय ९० बाट छानिदै आएका २० जना प्रतियोगीहरुका बिचमा अब शनिवार हुने सातौं चरणको अडिसन झनै प्रतिस्पर्धात्मक हुने कार्यक्रम संयोजक संजोग बस्यालले बताए ।

पश्चिमाञ्चलकै नम्बर वान एफएम बिग एफएमले आयोजना गरेको खुल्ला एकल गायन प्रतियोगिता बिग आईकनको पाचौं संस्करणमा ५० जिल्लाका ८ सय ९० जनाले सहभागिताको लागि फाराम भरेका थिए । यस पटकको विग आईकनको विजेताले १९ चरणको अडिसन पार गर्नुपर्नेछ । नेपालकै सर्वाधिक पुरस्कार राशि भएको रियालिटि शो बिग आईकनको उपाधि जित्नेले १ लाख ६० हजार रुपैँया बराबरको पियाजिओ स्कुटर प्राप्त गर्नुका साथै द ब्रिटिश कलेजको स्पोन्सर सिपमा एकहप्ते बेलायतको साँगीतिक भ्रमणको मौका पाउनेछन् ।





**Study in Switzerland & Poland**

❖Intake Sep./Oct.
❖No IETS/TOFELS
❖Pay After Visa
❖Gap uo-to 5 years
❖Part time job 20 hour Per Week
❖High chance of Visa

Contact

Career Makers Education Pvt.Ltd.
Panthigalli, Chipledhunga, Pokhara-4
Tel: 061-523454, 9846040874


# एक महिने भागवत वाचन शुरु

पोखरा १ साउन ।

श्रीकृष्ण प्रणामी सेवा समितिको आयोजनामा श्रावण महिना भरि वितक कथा (भागवत) बाचन शुरु भएको छ । बिहीबारदेखि शुरु भएको वितकवाचनको नेपाल विद्युत प्राधिकरण पोखरा शाखाका क्षेत्रीय डाइरेक्टर रामजी भण्डारीले उद्घाटन गर्दै बितक बाचन जस्तो धार्मिक कार्यक्रमले मानिसलाई सत्य बाटोमा हिड्न सिकाउने बताए । धर्मले मानिसलाई सत्मार्गमा हिडाउने भएकाले यस्ता कार्यक्रमले आगामी दिनमा धर्म प्रति मानिसलाई झुकाव राख्न सहयोग गर्ने वताए । वितक वाचन कार्यक्रम संयोजक विष्णु पहारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विश्वहिन्दु महासंघका उपाध्यक्ष बेदनिधी शर्मा, सनातन धर्म सेवा समितीका रबिन्द्र माकाजु, उद्योग ब्यवशायी बामदेव बस्ताकोटी, समाजसेवी राम प्रसाद तिमिल्सिना, क्याप्टेन लेख बहादुर गुरुङ लगायतले वोलेको कृष्ण प्रणामी सेवा समितिका अध्यक्ष बलराम सुवेदीले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । एक महिनासम्म सञ्चालन हुने कार्यक्रममा बुद्धि प्रसाद महाराजले कथा बाचन गर्ने आयोजकले जनाएको छ ।
(निरोज बजगाई/विद्यार्थी पत्रकार)

# क्रान्तिकारी पत्रकार महासंघको पत्रकारिता पुरस्कार

गोल्डेन न्यूज संवाददाता
पोखरा १ साउन ।

क्रान्तिकारी पत्रकार महासङ्घ नेपाल कास्की शाखाले पत्रकारिता पुरस्कार स्थापना गर्ने भएको छ । महासङ्घको बिहीबार बसेको बैठकले महासङ्घका केन्द्रीय सदस्य एवं नेपाल पत्रकार महासङ्घ कास्कीका कार्यवाहक अध्यक्ष राजेन्द्र अधिकारीको संयोजकत्वमा सल्लाहकार शिवराज बस्ताकोटी 'शिव दाइ' र उपाध्यक्ष माधव पनेरू सदस्य रहेको पुरस्कार स्थापना तथा व्यवस्थापन उपसमिति समेत गठन गरेको छ । त्यसैगरी, सो बैठकले महासङ्घको योजना अनुसार विभिन्न स्तरका तालिम सञ्चालनका लागि उपाध्यक्ष माधव पनेरूको संयोजकत्वमा सह-सचिव फडिन्द्र अकिञ्चन, कोषाध्यक्ष मन क्षेत्री र हरि अर्याल सदस्य रहेको तालिम सञ्चालन उपसमिति समेत गठन गरेको अध्यक्ष नवराज सापकोटाले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । महासंघका अध्यक्ष नवराज सापकोटाको अध्यक्षता तथा सचिव रूद्रबहादुर श्रीसको सञ्चालनमा बैठक सम्पन्न भएको थियो ।

## नेपाल..

*अर्जेन्टिना १६०६ अंकका साथ दोस्रो स्थानमा छ भने नेदरल्याण्डस् १४९६ अंकका साथ बरियताको तेस्रो स्थानमा छ । नेपाल १६४ औं स्थानमा रहेको छ,यसअधि पनि नेपाल सोही स्थानमा थियो । फिफाको बरियताअनुसार कोलम्बिया चौथो, बेल्जियम पाँचौं, उरुग्वे छैठौं, र ब्राजिल यस अघिको चार स्थान तल झर्दै सातौं स्थानमा पुगेको छ । यस अघिको विश्वविजेता स्पेन सात स्थान तल झरेर आठौं स्थानमा पुगेको छ भने स्वीट्जरल्याण्ड नवौं र फ्रान्स १० स्थानमा पुगेका छन् । रासस*


**तुरुन्त खानेपानी चाहिएमा**
मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

**फेन्सी पसल विक्रीमा**
पोखराको व्यस्त बजार चिप्लेढुङ्गामा अवस्थित अत्यन्त चालु अवस्थामा रहेको फेन्सी पसल उचित मूल्यमा विक्रीमा छ ।
सम्पर्क : ९८५६०३१४१२
९८०५१६७१८०

**घडेरी विक्रीमा**
पोखरा-४, गैह्रापाटबाट तेर्सापट्टि निस्कने भित्रि पिच बाटोमा ६६ हात मोहडा र ४२ हात पिछाड भएको घडेरी विक्रीमा छ ।
नोट : टुक्रा गरेर पनि विक्री गर्न सकिनेछ ।
सम्पर्क: ९८४६०७६६००
९८१६१०४३७०

**सुनौलो एफएममा ज्योतिष जागरण**
प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला ।
सुझावका लागि :
वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी ।
मोवाइल : ९८५६०३०९१४

**किचन चिम्नी होलसेल मूल्यमा**
GlassHood TRH-108
Oil Collector TRH-202x
Omni Brand का Glasshood Kitchan Chimney हरु होलसेल मूल्यमा ।
Omni Brand का Kitchen Hubs, Solar Water, Heater,Gas gueser तथा Water Purifier हरु अत्यन्त सुपथ मूल्यमा खरिद तथा मर्मत गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
पोखराका लागि आधिकारिक विक्रेता
न्यू पायोनियर इन्टरनेशनल, रानीपौवा, पोखरा-११
फोन : ०६१-५२७९१८, मो. : ९८५६०२५३७०

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**
दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु निःशुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :-
☞ शतप्रतिशत उत्तीर्ण गराउन सफल
☞ आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।
☞ १ बर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
अन्तरवार्ता भइरहेको छ ।
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स
सटर नं. ३०, फोन:- ०६१-५५०२५२, मो. ९८४६०-४१९१२

**खुशीको खबर ! खुशीको खबर !!**
सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठीपत्र, पार्सल एवं कार्गो पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
साथै बस, जहाज र मनकामना केवलकारको टिकट समेत हामीकहाँ पाइन्छ ।
सम्पर्क
WorldTouch Cargo & Courier Pvt.Ltd.
(सम्पदा कम्प्लेक्स) चिप्लेढुङ्गा, पोखरा, फोन ०६१-५३२५०२, ९८०६७३८३००

**FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA**
➩यौन पुरुष : लिङ्गको साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, ढिलापन, टेढापन, हटाउन, पूर्ण सुहाग रात फक्राउन, Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न
गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
➩केश झर्न तुरुन्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
➩मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
➩उचाइ बढाउन Step up (नबढे पैसा फिर्ता)
➩तौल बढाउने आयूर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
➩थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
➩तौल घटाउने जापनिज deit मात्र २५००।-
➩दाढ तथा जोर्नी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेनलिल
✱ तौल घटाउन Slim 24 pro
पोखरा हर्बल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

**"सबैको लागि मन्टेश्वरी शिक्षा"**
हामीले शुरुवात गऱ्यौ सबैको लागि मन्टेश्वरी शिक्षा
अनि दियौ १०० % सन्तुष्टि र परिवर्तन गऱ्यौ शिक्षण पद्धति ।
मन्टेश्वरी पद्धतिमा आधारित टिचर्स ट्रेनिङ्ग
मात्र रु. ४,५०००
तालिम सञ्चालन : २०७१ असार ४ गतेदेखी
यो योजना पहिलो १० जनाको लागि
ख्याति प्राप्त प्रशिक्षक
Janaki Khadka-First Montessori Teacher's Trainer in Paschimanchal
स्टार्स मन्टेश्वरी एकेडेमी
पालिखे चोक, पोखरा
☎०६१५२५१३५ ९८५६०२८९७८

**हामी सरेका छौं**
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७
पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा
अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)
Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions
इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स
... the printer house

**हार्दिक बधाई**

श्री हमतराज कंडेल
हाम्रा आत्मीय मित्र तथा यस संस्थाका शुभचिन्तक पोखरा विश्वविद्यालय केन्द्रिय पुस्तकालयका प्रमुख श्री हेमन्तराज कंडेलज्यू पोखरा विश्वविद्यालय दिवसका अवसरमा उपकुलपति प्रा. खगेन्द्रप्रसाद भट्टराइद्वारा राष्ट्रिय शिक्षा पुरस्कार २०७० बाट सम्मानित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा उत्तरोत्तर प्रगतीको कामना व्यक्त गर्दछौं ।
सन्दिप पौडेल (प्रवन्ध निर्देशक) एवं
लेखनाथ मिडिया हाउस परिवार
लेखनाथ-७, तालचोक, कास्की

**अनेक समस्या सफल उपचार**
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, दाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८




# फेवाताल–ढोरपाटन–राराताल–लुम्विनी–लोमान्थाङसम्म पदयात्रा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ साउन ।**

नयाँ पर्यटकीय गन्तव्य पहिल्याउने तथा पश्चिमाञ्चल विकास क्षेत्रको पर्यटन विकासको लागि लोलुफेरा पदयात्रा भदौ १ गतेदेखि पोखराबाट शुरु हुदैछ । फेवातालदेखि बागलुङको ढोरपाटन हुँदै रारातालसम्म र लुम्बिनीदेखि मुस्ताङको लोमान्थाङसम्म पदयात्रा शुरु हुने भएको हो ।

लोलुफेरा विकास मञ्च तथा पश्चिमाञ्चल विकास मञ्चको आयोजनामा पदयात्रा शुरु हुने भएको हो । पदयात्राबारेमा बिहीबार पोखरामा छलफल कार्यक्रम भएको छ । पर्यटन व्यवसायी, उद्योगि, व्यवसायी, शिक्षासेवी लगायतको सहभागिता रहेको छलफलले तयारीका लागि संयोजन समिति पनि गठन गरेको छ ।

यस क्षेत्रको पर्यटन प्रबर्द्धन गरि बढि भन्दा बढि पर्यटक भित्र्याउने उद्देश्यका साथ शुरु भएको अभियान भण्डै डेड महिनाको हुनेछ । सगरमाथाका सफल आरोहि तथा एमाओवादीका युवा नेता कृष्ण के.सीको अगुवाइमा पदयात्रा शुरु हुनेछ । पदयात्रामा पर्यटन, सञ्चार, विकास निर्माण लगायतका अन्य विज्ञहरुको पनि सहभागिता रहनेछ । 'नयाँ पदमार्ग पहिल्याएर पर्यटन वृद्धि गराउनको लागि पदयात्रा शुरु हुनेछ' के.सीले भने, 'फेवातालदेखि बागलुङको ढोरपाटन हुदै राराताल र लुम्बिनीदेखी लोमान्थाङ पैदल हिडेर नयाँ पर्यटकीय पदमार्ग विकास गर्न अभियान थालिन लागेको हो ।' भदौ १ गते हुने पदयात्रा शुभारम्भमा राष्ट्रपति रामवरण यादवको प्रमुख आतिथ्यता र अन्य मुख्य राजनीतिक पार्टीका प्रमुखको सहभागिता हुने बताइएको छ । नयाँ पर्यटकीय स्थानहरुको पहिचान गरेर पर्यटनका लागि विकास गर्न मद्दत गर्ने र अन्य पूर्वाधारहरु निर्माण गर्ने तथा पैदल मार्ग बनाउने उद्देश्य रहेको छ । कास्की, पर्वत, बागलुङका विभिन्न गाउँमा होमस्टे विकास गर्ने लगायतको कार्ययोजना रहेका छन् । के.सीले युवाहरुलाई गाउँमै उद्यमी बन्न तथा रोजगारीका अवसर उपलब्ध गराउन पहल गरिने बताए । पदयात्रा संयोजन तथा तयारीका लागि पोखराका विश्वशंकर पालिखेको संयोजकत्वमा समिति बनेको छ । समितिले लोलुफेरा पदयात्राबारको सबै कार्य गर्नेछ । छलफल कार्यक्रममा बोल्ने बक्ताहरुले अभियान सफल पार्नुपर्नेमा जोड दिदैं सबैले सक्दो सहयोग गर्नुपर्नेमा जोड दिए । राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. दीपेन्द्रबहादुर क्षेत्रीले लोलुफेरा पदयात्राले यो क्षेत्रको पर्यटनमा सहयोग पुर्‍याउने बताउँदै सबैले सक्दो सहयोग गर्नुपर्ने बताए । नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले कार्ययोजना अनुसार अभियानलाई कार्यान्वयन गर्नुपर्ने बताए । प्रविधि अभियन्ता महाविर पुनले लोलुफेरा पदयात्रा सफल भएमा विकट गाउँहरुमा पनि पर्यटक पुग्ने बताए । पदयात्रा संयोजन समितिका संयोजक पालिखेले अभियान सफल पार्नको लागि सबैले सहयोग गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा पश्चिमाञ्चल विकास मञ्चका महासचिव धर्मराज बराल, पोखरा उप-महानगर पालिकाका कार्यकारी अधिकृत भलराम अधिकारी, पर्यटन व्यवसायीहरु टीकाराम सापकोटा, हरि तुलाचन, सञ्जय सिग्देल, लक्की कार्की, रामजी शर्मा, हरि शर्मा गैरे,भरत पराजुली तथा सञ्चारकर्मी दीपेन्द्र श्रेष्ठ र सन्तोष पोखरेलले पनि बोलेका थिए ।

# गुप्तेश्वरमा तिवारी

**पोखरा ३१ असार ।(गोल्डेन)**

छोरेपाटनस्थित गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसको प्रमुखमा घनश्याम तिवारी नियुक्त भएका छन् । क्याम्पस सञ्चालक समितिको बैठकले तिवारीलाई क्याम्पस प्रमुख नियुक्त गर्ने निर्णय गरेको हो । यसैबीच नवनियुक्त क्याम्पस प्रमुख तिवारीले आफ्नो कार्यभार सम्हालेका छन् । गुप्तेश्वर बहुमुखी क्याम्पस सञ्चालक समितिले बिहीबार तिवारीलाई कार्यभार सुम्पेको थियो । कार्यभार ग्रहण गर्दै क्याम्पस प्रमुख तिवारीले समयसापेक्ष क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नतर्फ केन्द्रित रहने बताएका छन् । उपयुक्त शैक्षिक वातावरण विद्यार्थीको पठनपाठनमा सञ्चालन गर्ने र दक्ष जनशक्ति उत्पादतर्फ आफ्नो ध्यान केन्द्रित रहने उनको भनाइ छ ।

# आइस हक्की संघमा शाहीको नेतृत्व



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ साउन ।**

लोकबहादुर शाहीको अध्यक्षतामा १६ सदस्यीय नेपाल आइस हक्की संघको तदर्थ समिति गठन भएको छ । बुधबार काठमाडौंमा पत्रकार सम्मेलन मार्फत आइस हक्की संघ राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा असार ३ गते १ सय ४२ औं संघका रुपमा दर्ता भएको जानकारी दिइयो । नवगठित संघको उपाध्यक्षमा भूवन पाठक, मनोज मल्ल ठकुरी, मदन केसी, श्रीविक्रम भण्डारी र सुरज विक्रम शाही, महासचिवमा राधेश्याम दाहाल, सचिवमा रामसुदन तिमिल्सिना र कोषाध्यक्षमा हरि मानन्धर रहेका छन् । त्यस्तै सदस्यहरुमा मणिविक्रम शाह, अञ्जना रावल (शाह), विपिका अधिकारी, मुकेश शाही, जीवन बल लामा, अर्जुन लामा तथा राखेप प्रतिनिधि दामोदर अर्याल छन् । संघ गठनको घोषणा कार्यक्रमअघि राखेपका सदस्य-सचिव युवराज लामाले दरबारमार्ग रहेको संघको कार्यालयको एक कार्यक्रमबीच बुधबारै विधिवत् उद्घाटन गरेका थिए ।

# चरकमा एक महिने नि:शुल्क स्वास्थ्य सेवा

**पोखरा १ साउन ।(गोल्डेन)**

पोखराको नयाँबजारमा रहेको गण्डकी मेडिकल कलेज (जि एम.सी.) टिचिङ्ग अस्पताल (पुरानो चरक)ले एक महिनाको लागि नि:शुल्क स्वास्थ्य सेवा शुरुवात गरेको छ । अस्पतालले नयाँ तथा पुराना विरामीको लागि दर्ता शुल्क, जनरल वेड शुल्क, अपरेशन शुल्क र गर्भवती जाँच तथा प्रसुती सेवालाई नि:शुल्क बनाएको हो ।

भौतिक विस्तार संगसंगै अस्पतालवाट प्रदान गरिने सेवामा विरामिहरुको सहजै पहुँच पुर्‍याउनको लागि श्रावण १ गतेदेखि एक महिनाको लागि अस्पतालका विभिन्न सेवा नि:शुल्क गरेको छ । अस्पतालले हालै आफ्नो शैया क्षमता विस्तार गरि ५३५ पुर्‍याएको छ भने बिरामीको सुविधालाई मध्यनजर गर्दै साधरण र विशिष्ट क्याविन समेत सञ्चालनमा ल्याएको छ । पोखरामा बढदै गएको विरामीको चापलाइै दृष्टिगत गर्दै अस्पतालले अति सम्वेदनशिल सेवाको क्षमतालाई समेत थप विस्तार गरि २५ शैयामा पुर्‍याएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट प्रा.डा भि.के सिंग्लले वताए ।

अस्पताल नितान्त सेवामुखी संस्था भएकाले सवै वर्गका विरामीहरुलाई सहजै सेवा उपलब्ध होस भन्ने मनसायका साथ नियमति रुपमा नि:शुल्क सेवा दिदै आएकोमा एक महिने स्वास्थ्य निशुल्क स्वास्थ्य सेवा पनि विगतको निरन्तरता मात्र भएको कलेजका प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार खनालले गोल्डेन न्यूज दैनिकलाई बताए ।

अस्पताललाई पशिचमाञ्चलकै सुविधा सम्पन्न बनाएर यहाँका बिरामीलाई बाहिर जानुपर्ने बाध्यताबाट मुक्त बनाउने लक्ष्यका साथ अगाडि बढिरहेको खनालले बताए । गण्डकी र धौलागिरी अञ्चलका विरामीहरुलाई विभिन्न सेवा दिदै आएको कलेजले एम.वि.वि.एस तहको अध्यापन समेत गर्दै आएको छ । अस्पतालमा हाल दैनिक नयाँ र पुराना गरि विभिन्न रोगका ५०० भन्दा वढि बिरामीले सेवा लिदै आएका छन् ।

# रासससको...

माग गरेका छन् । *पराजुलीका अनुसार अध्यक्ष वाग्लेले आफूले यस विषयमा आवश्यक परामर्श गरी तत्काल शुल्क घटाउन प्रयास गर्ने बताएको भएपनि अझैसम्म शुल्क घटेको छैन । यसैगरी पराजुलीले नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र विष्टसंग समेत यस विषयमा कुरा गरी मोफसलमा सानो लगानीका संचारमाध्यममाथि राससले गरेको विभेदकारी निर्णय तत्काल सच्याउन पहल गरिदिन आग्रह गरेका छन् । विष्टले पनि आफू र महासंघको तर्फबाट विभेदकारी निर्णय सच्याउन पहल गर्ने विश्वास दिलाएको पराजुलीले जानकारी दिए ।*

# श्रेष्ठको उपचार काठमाडौंमा

**पोखरा १ साउन ।(गोल्डेन)**

स्कुल बसको ठक्करबाट गम्भीर घाइते भएका पोखरा–३ नदीपूरका निराकार श्रेष्ठको काठमाण्डौंमा उपचार भैरहेको छ । मणिपाल शिक्षण अस्पतालमा प्रारम्भिक उपचार पछि श्रेष्ठलाई बुधबार काठमाण्डौंको ग्राण्डी अस्पताल लगिएको हो । हस्पिटलबाटै पोखरा आएका ३ जना डाक्टर सहित हेलिकोप्टर चार्टड गरेर श्रेष्ठलाई बुधबार अपराह्न अस्पताल पुर्‍याइएको र हाल उपचार भैरहेको बताइएको छ । गत मंगलबार विहान श्रेष्ठलाई स्पाइरल ग्यालेक्सी उच्च मा.वि को ग १ क ९७६ नम्बरको बसले पिएन क्याम्पस गेट अगाडि विहान सवा ५ बजे ठक्कर दिदाँ मर्निङवाक गरेर फर्किएका श्रेष्ठ घाइते भएका थिए । अनियन्त्रित गतिमा रहेको बसले श्रेष्ठलाई ठक्कर दिएर च्याप्नुको साथै नजिकै रहेको पर्खाल समेत भत्काएको छ । श्रेष्ठको उपचारमा कुनै कन्जुस्याई नगर्ने विद्यालयले जनाएको छ । घटनाप्रति दु :ख व्यक्त गर्दै विद्यालयका व्यवस्थापकीय संयोजक अर्जुन ढकालले श्रेष्ठको उपचारमा कुनै कन्जुस्याई नगर्ने र उपचारका लागि जहाँसुकै लैजान पनि विद्यालय तयार रहेको बताए ।


## गुदद्वारका विरामीहरुलाई खुशीको खबर !

यहि २०७१ श्रावण २ र ३ गते डा. हरि शरण अर्याल बरिष्ठ गुदद्वार तथा क्षारसुत्र विज्ञ आरोग्यधाम हस्पिटलमा काठमाडौबाट आउनुहुने भएकोले **पायल्स तथा गुदद्वार**मा कुनै पनि नयाँ तथा पुराना समस्या भएका विरामीहरुले सर्म्पक राखी स्वास्थ्य लाभ लिनुहोला ।

**परिक्षण गरिने समस्याहरु :**

- दिशा गर्न गाह्रो हुने, दिशा गर्दा रगत आउने, दिशा राम्रोसँग नखुल्ने, गुद्द्वार दुख्ने, पोल्ने, चिलाउने ।
- गुद्द्वारमा मासु पलाएको, फाटेको, पिप आउने, घाउ पिलो भए जस्तो हुने, दिशा गर्दा मासु बाहिर आउने ।
- गुद्द्वार चिलाउने, पोल्ने, दिशा गरिसकेपछि दुख्ने ।
- पायल्स, फिस्टुला, फिसरको अप्रेशन पछि पनि समस्या हुने ।
- गुद्द्वारमा बढेको मासु पुन नदोहोरिने गरी विना अप्रेशन निकाल्ने व्यवस्था ।




नोट : उपचार पछि माछा मासु खान सकिने तथा पून नहुने, नदोहोरिने किसिमबाट उपचार गरिन्छ ।

**विरामी जाँच्ने मिति : २०७१ श्रावण २ र ३ गते**
**समय विहान : बिहान ८:00 बजेबाट बेलुका ६:00 बजेसम्म**

**आरोग्यधाम होमियोप्याथिक हस्पिटल प्रा.लि.**
पोखरा–१० (इन्द्रचोक रंगशाला नजिकै)
फोन नं. ०६१–४३२२४२, ४३०२४२, ९८५६०२६७५०

## पार्टेशन विक्रीमा

विभिन्न संघसंस्था या व्यवसायिक प्रतिष्ठानको कार्यालयको सजावटका लागि आवश्यक सिसाजडित काठको फ्रेमसहितको पार्टेशन सुपथ मूल्यमा विक्रीमा छ । आकर्षक कार्यालय बनाउन चाहने र पार्टेशन आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला । साथै अन्य केही फर्निचर समेत उपलव्ध छन् ।

सम्पर्क : ९८५६०३४५०५

## मुटुरोगीहरुलाई खुशीको खबर

शहीद गंगालाल हृदयरोग केन्द्र काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मुरारी ढुङ्गानाद्वारा उच्च रक्तचाप, मुटु हल्लिने, स्वाँ स्वाँ हुने, छाती दुख्ने, भारी हुने एन्जियोग्राम गरेको बिरामीहरू र एन्जियो पलास्ट गरेका बिरामीहरूलाई लाभ लिनुहुन अनुरोध गरिन्छ । साथै, ECG र ECO को पनि व्यवस्था छ । नयाँ तथा पुराना रोगीहरूले आफ्नो पुरानो सम्पूर्ण रिपोर्टसहित आउनुहोला ।

**स्थान: अस्मानी फार्मेसी**
(पुरानो चरक हस्पिटल अहिलेको गण्डकी मेडिकल कलेजको Opposite पश्चिमाञ्चल डेण्टल हस्पिटलसँगै)
मिति : २०७१ साउन ३ गते, शनिबार
समय : बिहान ८:00 बजेदेखि बेलुका ३:00 बजेसम्म

सिट सीमित भएकोले तु-सम्पर्क गर्नुहोला ।

**सम्पर्क:**
०६१-५३४७४९, ९८४६०७७४४८, ९८५६०३७४४९, ९८५६०३११९७

## सि.एम.ए. तथा हेल्थ ल्याब असिस्टेण्ट कोर्षमा भर्ना खुल्यो

शैक्षिक सत्र २०७१।०७२ का लागि यस पोखरा प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र रानीपौवामा सि.एम.ए. तथा हेल्थ ल्याब असिस्टेण्ट १५ महिने कार्यक्रममा भर्ना खुल्यो। इच्छुक एस.एल.सी. उत्तीर्ण विद्यार्थीहरुले समयमै सम्पर्क राख्नुहोला। सिट सिमित छ।

**प्रवेश परीक्षा : २०७१ श्रावण १७ गते शनिबार बिहान ८:00 बजे**

सम्पर्क ठेगाना : पोखरा प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र
रानीपौवा, पोखरा फोन नं. ०६१-५२७९३०
नोट : पूरक एस.एल.सी. का विद्यार्थीहरुले पनि फारम भर्न सक्नेछन्।
(५% पूर्ण छात्रवृत्तिको व्यवस्था)

## कर्मचारी आवश्यकता

सुनौलो पब्लिकेशन प्रा.लि.को प्रकाशन गोल्डेन न्यूज राष्ट्रिय दैनिक र सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक र योग्य उम्मेदवारले आफ्नो हस्तलिखित निवेदन र बायोडाटा सहित तुरुन्त सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।

१. पद : समाचारदाता/समाचार वाचक (महिला/पुरुष)
संख्या : केही
२. पद : कार्यालय सहायक (महिला)
संख्या : १ जना (कम्प्युटर सम्बन्धी ज्ञान भएको)
३. पद : कम्प्युटर अपरेटर (दिउसोका लागि)
संख्या : १ जना (पत्रिका डिजाइन गर्न सक्ने)
४. पद : ग्राहक शाखा प्रमुख
संख्या : १ जना (पोखराको विभिन्न क्षेत्रको जानकारी भएको)
४. पद : बजार प्रतिनिधि
संख्या : केही
४. पद : वितरक (रानीपौवा एरियाका लागि)
संख्या : केही

सम्पर्कका लागि
**गोल्डेन न्यूज राष्ट्रिय दैनिक/सुनौलो एफ.एम.**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१–४३९४५५
(जागिरका लागि टेलिफोनमा सम्पर्क नगरिदिनुहोला ।)

## STUDY & WORK IN JAPAN

NAT PREPARATION BY NATIVE SPEAKER
(USHIRO MIHARU)
Intensive class
from 21 July ~ 2nd Aug
Fee only: Rs. 1000.00

" मेरो भाषा राम्रो भएको हुनाले जापानमा आएर job पाउन मलाई धेरै सजिलो भयो । म सजिलो, सस्तोमा राम्रो ठाउंमा पुगें सोंचे जस्तै भयो । स्मार्ट ओपन एकेडडेमीलाई धन्यबाद ।"



Somnath Acharya, Nagoya

THINK SMART, BE SMART

SMART OPEN ACADEMY
Chipleghunga Pokhara
Tel: 522617, 9856031821
info@smartopen.edu.np
www.smartopen.edu.np

## के तपाईमा यौनसम्बन्धी समस्या छ ???

**पुरूषमा देखिने**
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

**महिलाहरूमा देखिने**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरू ।

**महिला वा पुरूषमा हुने -बाँझोपन) नि:सन्तानको सफल उपचार**
जाँच्ने समय : प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१

## काठमाडौंका डाक्टर स्पार्क हस्पिटलमा

स्पार्क अस्पताल, काठमाडौंका दुखाइ तथा प्यारालाइसिस विशेषज्ञ यूके तथा अमेरिकामा काम गरि अनुभव संगाल्नु भएका वरिष्ठ डा.सुनिल पौडेल प्रत्येक महिनाको पहिलो शनिबार र यसपटक साउन ३ गते यसै हस्पिटलमा आउनुहुने भएकाले समयमै सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**उपचार हुने रोगहरू** : प्यारालाइसिस, मुख बाङ्गिने, शरीरको ए वा दुवै भाग नचल्ने, हात खुट्टा झमझमाउने, पोल्ने, नशा तथा हड्डिका समस्याहरू । ढाड, कम्मर तथा गर्दन दुख्ने। डिस्क प्रोल्याप्स, हड्डि खिइएको, नशा च्यापिएको, वाथ, अर्थराइटिस, घुँडाका जोर्नीहरू दुख्ने, युरिक एसिड बढेको, टाउको दुख्ने, तनाव, अनिद्रा, पिनाश, पायल्स, अप्रेशन पछि गरिने फिजियोथेरापि ।

**स्पार्क बि. एण्ड डि. हस्पिटल**
सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)
फोन : ०६१-५२१४०८, ९८४६०३४३८४
स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त पोखराको प्रथम र एकमात्र प्राकृतिक चिकित्सा, फिजियोथेरापि तथा रिह्याबिलिटेशन अस्पताल


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा –सुनौलो भवन), पोखरा, फोन:०६१–५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा